मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस १७ गते बिहीबार ❑ 1 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## लेकसाइडमा पर्यटक भरीभराउ

**पोखरापत्र संवाददाता**
पोखरा, १६ पुस

पर्यटनको राजधानी पोखरामा जारी पोखरा सडक महोत्सवका कारण लेकसाइड क्षेत्रमा हाल पर्यटक भरीभराउ भएकाछनु। यही पुस १३ गतेदेखि सञ्चालन भएको २७ औँ पोखरा सडक महोत्सवले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गरेको छ।



मंगलबारसम्म महोत्सवमा करिब १ लाख ५० हजार भन्दा बढी दर्शक एवं पर्यटकहरु सहभागि भएको रेवान पोखराका बरिष्ठ उपाध्यक्ष एवं महोत्सव संयोजक बशन्त गौतमले बताउनु भयो। यसैबीच नयाँ अंग्रेजी वर्ष २०२६ को स्वागतार्थ बुधबार मध्यरात १२:०० बजे पोखराको लेकसाइड क्षेत्रमा आतिसबाजी प्रर्दशन गरिएको छ। आवश्यक प्रक्रिया पूरा गरी नेपाली सेनाको प्रत्यक्ष अनुगमन र जिल्ला प्रशासन कार्यालय कास्कीको समन्वयमा आतिसबाजी गरिएको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो। प्रशासनले उच्च सतर्कता अपनाउन निर्देशन जारी गर्दै सुरक्षा व्यवस्था सुदृढ गरिएको उल्लेख गरेको छ।

बुधबार मध्यरातसम्म महोत्सव क्षेत्र भीडभाड भएकाले शान्ति-सुरक्षादेखिट्राफिकव्यवस्थापनसम्म विशेष ध्यान दिइएको आयोजक रेवान पोखराका अध्यक्ष विश्वराज पौडेलले बताउनुभयो। "सीसी क्यामरा निगरानी, पैदल गस्ती तथा पार्किङ्ग व्यवस्थापनलाई प्राथमिकतामा राखिएको छ," पौडेलले भन्नुयो।

त्यस्तै, महोत्सवलाई सभ्य, मर्यादित र सुरक्षित बनाउन सुरक्षानिकाय, महोत्सव आयोजक तथा स्थानीय सरोकारवालाले १२ बुँदे निर्देशन जारी गर्दै सहभागी सबैलाई नियमपालन गर्न आग्रह गरिएको छ। तोकिएको स्थानमै पार्किङ्ग, मादक पदार्थ सेवन गरी सवारी नचलाउने, अनुचित मूल्य नलिने, असभ्य व्यवहार नगर्ने, गुनासा भएमा अनलाइन ग्राहक अधिकार प्रणाली मार्फत उजुरी गर्न सकिने भएको छ। रात्रिकालीन बस सेवा समेत संचालन भएकोले नीजि भन्दा कालोप्लेटकै सवारी साधनमा यात्रा गर्न आग्रह गरिएको छ। यसैबिच, सडक महोत्सवका कारण हाल पोखराका होटल अकुपेन्सि करिब ८० प्रतिशत पुगेको छ। मुख्य पर्यटक क्षेत्रका होटलमा ८०-९० प्रतिशत अकुपेन्सि रहेको छ भने भित्री बस्तीका होटलमा ५०-७० प्रतिशत अकुपेन्सी रहेको होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनु भयो। महोत्सवमा बुधबार पनि सांस्कृतिक झाँकी, नृत्य, संगीत, स्वादिलो स्थानीय खानेकुरा, खेलकुद प्रतियोगिता तथा विभिन्न कला झल्किने प्रस्तुतिहरू रहेको महासचिव बिरेन्द्र शेरचनले बताउनु भयो। तमु ल्होसार सार्वजनिक दिन मङ्गलबार फेवाताल किनारमा दर्शक तथा पर्यटकहरुको अत्याधिक भिडभाड भएको रेवानका महासचिव एवं प्रचार संयोजक बिरेन्द्र शेरचनले बताउनु भयो। महोत्सव पुस १७ गतेसम्म सञ्चालन हुनेछ। कोमागाने पार्कमा हुने सांगीतिक उत्सवमा पोखरेली चर्चित व्यन्डहरूको प्रस्तुति जारी छ। ९० को दशकबाट चर्चित डि-मर्चा सहित उज्जन शाक्य, लेकाली, देउराली व्यन्ड विशेष आकर्षणका रूपमा प्रस्तुत भएको अल टेक नेपालका सञ्चालक शेरबहादुर गुरुङले बताउनु भयो। न्यू इयर इभ स्पेसलमा कार्टुन क्रुजकी भाइरल नृत्याङ्गना आस्मा विश्वकर्मा र सरोज अधिकारीले 'छिकिरी-छिकिरी' लगायत गीतमा प्रस्तुति दिनुभयो। महोत्सव प्रवर्द्धकका रूपमा नेपाल पर्यटन वोर्ड, पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार, पोखरा भ्रमण वर्ष २०२५, पोखरा पर्यटन परिषद् तथा सिद्धार्थ बैंक लिमिटेड बैंकिङ पार्टनरका रूपमा रहेका छन्। त्यस्तै म पानी, गृहलक्ष्मी ग्याँस, अन्नपूर्ण केबल कार, रेड बुल सहयोगी संस्था रहेको रेवानले जनाएको छ।

## समानुपातिकको बन्दसूचीमाथि पुनरावलोकन हुन्छ : सभापति लामिछाने

**पोखरापत्र संवाददाता**
पोखरा, १६ पुस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले समानुपातिक तर्फको बन्दसूचीलाई पुनरावलोकन गरी आवश्यक नाम संशोधन तथा हटाउने प्रक्रिया सुरु गरेको बताउनु भएको छ।



पोखरामा पत्रकारसँग बुधबार कुराकानी गर्दै सभापति लामिछानेले पार्टीले बुझाएको बन्दसूची केही व्यक्तिहरूको आलोचना र गुनासो आएपछि पुनः समीक्षा गर्ने स्थिति आएको उल्लेख गर्दै केहीको नाम हटाउन निर्देशन दिएको समेत जनाउनु भयो। उहाँले भन्नुभयो "हामी नयाँ हौँ, देशभर आशा जगाउन र विभिन्न क्षेत्रका व्यत्तिहरुलाई समेट्ने प्रयासमा केही प्रकृयागत त्रुटिहरू भएका छन्, विधान विपरीत नाम परेका वा विवादित पृष्ठभूमि भएका व्यक्तिलाई 'राइट टु रिकल' सहित फिर्ता बोलाउने प्रावधान कार्यान्वयन हुनेछ। आवश्यक परेका केहीको नाम संशोधन वा हटाइनेछ भन्ने निर्देशन म सभापतिको नाताले दिइसकेको छु।" समाजका विभिन्न क्षेत्रमा सक्रिय पात्रलाई राजनीतिमा ल्याएर देशको आवश्यक रूपान्तरणमा योगदान गराउने उद्देश्य रहेको बताउँदै उहाँले कलाकार, पत्रकार, खेलकुदकर्मी तथा निजी क्षेत्रका प्रतिनिधिहरूलाई समावेश गर्नु स्वाभाविक भएको उल्लेख गर्नुभयो।

"११० जनाको बन्दसूचीमा दुई-चार जना चर्चित अनुहार देखियो भन्दैमा पार्टी केवल सेलिब्रेटीमै चलेको भन्ने बुझाइ गलत हो," उहाँको भनाइ थियो, "नातावाद र कृपावादमा हामी विश्वास गर्दैनौं, रास्वपा विधिमा चल्ने पार्टी हो।" बन्दसूची हेर्नेमध्येबाट आएका सुझावलाई सकारात्मक रूपमा लिँदै सभापति लामिछानेले देशको संक्रमणकालीन अवस्थाले सबै तह-तप्कालाई राजनीति नेतृत्वमा आउनुपर्ने आवश्यकता देखाएको बताउनुभयो। "पुराना दलहरूको दम्भ हटाउन र वैकल्पिक राजनीति निर्माण गर्न हामी विभिन्न पेशा व्यवसायका पात्रलाई एक ठाउँमा उभिएका हौँ," उहाँले जोड दिनुभयो।

काठमाडौँ महानगरका मेयर बालेन्द्र शाह 'बालेन'लाई प्रधानमन्त्रीको रुपमा अघि सारिएको प्रश्नमा उहाँले भन्नुभयो, "जेन्जी आन्दोलनको विश्वासिलो र परिवर्तनको झिल्को देखिएका पात्रको रुपमा उहाँलाई अघि सारेका हौं।" पार्टीभित्रै पनि विधि तथा संरचनागत संशोधन आवश्यक रहेको स्वीकार गर्दै लामिछानेले अन्तर-वैयक्तिक सम्झौता र समय अभावका कारण केही प्रक्रिया बिग्रिएको भए पनि नियत असल रहेको दाबी गर्नुभयो।

समानुपातिक सूचीमा परेकाहरूलाई प्रत्यक्ष चुनावमा उभ्याउने विकल्प पनि खुला रहेको उहाँको भनाइ थियो।

## प्रतिनिधिसभा निर्वाचन : स्याङ्जामा पुरुषभन्दा महिला मतदाताको सङ्ख्या धेरै

**पोखरापत्र संवाददाता**
वालिङ, १६ पुस

आगामी फागुन २१ गते हुन लागिरहेको प्रतिनिधिसभा निर्वाचनमा स्याङ्जामा दुई लाख ४८ हजार मतदाता कायम भएको छ।

२०८२ फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा भई दुई लाख ४८ हजार ८१६ जनाले आगामी प्रतिनिधिसभा निर्वाचनमा मतदान गर्न पाउने भएका हुन्। जिल्ला निर्वाचन कार्यालय स्याङ्जाका प्रमुख श्रीराम थापाका अनुसार पुरुष एक लाख २२ हजार ४६४, महिला एक लाख २६ हजार ३५१ र अन्य एक गरी कुल दुई लाख ४८ हजार ८१६ मतदाता रहेका हुन्।

जिल्लामा पुरुष मतदाताभन्दा महिला मतदाताको सङ्ख्या धेरै रहेको छ। पुरुषभन्दा महिला मतदाता तीन हजार ८८७ जना धेरै रहेका छन्। दुई निर्वाचन क्षेत्र रहेको स्याङ्जामा प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ मा एक लाख ३० हजार ८८६ मतदाता छन्। स्याङ्जा क्षेत्र नं २ मा एक लाख १७ हजार ९३० मतदाता छन्।

क्षेत्र नं १ मा गत निर्वाचनका तुलनामा यस वर्ष तीन हजार ४७५ मतदाता थप भएका छन्। क्षेत्र नं २ मा एक हजार २५२ मतदाता थपिएका कार्यालय प्रमुख थापाले जानकारी दिनुभयो। जिल्लामा २०७९ को निर्वाचनमाभन्दा यस वर्षको निर्वाचनमा कूल चार हजार ७२७ मतदाता थपिएका हुन्। विसं २०७९ मा भएको प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचनमा दुई लाख ४४ हजार ०८९ मतदाता रहेका थिए। स्याङ्जा जिल्लामा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि १९९ मतदानस्थल कायम गरिएको छ भने ३२२ मतदान केन्द्र रहने उहाँले जानकारी दिनुभयो। गत निर्वाचनमा १९९ मतदानस्थल रहेको थियो भने मतदान केन्द्र ३२० कायम रहेकोमा यसपटक दुई मतदान केन्द्र थप भएका हुन्।

## राष्ट्रियसभाको निर्वाचनका लागि निर्वाचन अधिकृतको कार्यालय स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, १६ पुस

राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि गण्डकी प्रदेशमा बुधबार निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ।

पोखराको पार्दीमा रहेको प्रदेश निर्वाचन कार्यालय परिसरभित्र निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको निर्वाचन कार्यालका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिनुभयो। गण्डकी प्रदेशमा रिक्त हुन लागेका दुई सदस्य पदका लागि आगामी माघ ११ गते निर्वाचन हुँदैछ। गण्डकी प्रदेशमा महिला र अन्य क्लस्टरतर्फ निर्वाचन हुने उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार यही पुस १९ गते मतदाता नामावली सार्वजनिक गर्ने र पुस २३ गते उम्मेदवारको मनोनयन दर्ता गर्ने तालिका रहेको छ।

## जानकीमा मानव वेचविखन न्यूनिकरण सम्बन्धी अभिमुखिकरण

**पोखरापत्र संवाददाता**
पोखरा, १६ पुस


जानकी माध्यमिक विद्यालय पोखरा १७ का विद्यार्थीलाई मानव वेचविखन न्यूनिकरणका लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।



मावन वेचविखन विरुद्धमा अभियान सञ्चालन गर्दै आएको शुभ अवसर ग्राम नेपालद्धारा आयोजित कार्यक्रममा विद्यालयका कक्षा ९ र १० का ४० जना विद्यार्थीको सहभागिता रहेको थियो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद बास्तोलाले सो कार्यक्रमको उद्घाटन गर्दै विभिन्न खाले प्रलोभन देखाएर मानव र मानव अंगहरु बिक्री वितरण गर्न बाध्य बनाउने जोकोहीलाई पनि कानूनी दायरामा ल्याउनु पर्ने आवश्यकता औल्याउनुभयो। टोल छिमेकमा त्यस्ता कृयाकलाप भएको पहिचान गरि आफु र समाजलाई सचेत गर्न विद्यार्थी वर्गको अहम भूमिका हुने बताउँदै उहाँले गरिविको स्वदेश होस वा विदेशमा मावन तस्कर गर्नेप्रति सिङ्गो समाज सचेत हुनु पर्नेमा जोड दिनुभयो। शुभ अवसर ग्राम नेपालका कार्यक्रम संयोजक जुनु श्रेष्ठले कार्यक्रममा मानव वेचखिन सम्वन्धी कानूनी अवस्था र समाजले समाजमा खेल्दै आएको भूमिका सम्वन्धमा प्रस्तुती गर्नुभएको थियो।

संस्थाले पोखरा २५ हेमजामा वाल संरक्षण गृह समेत सञ्चालन गरेको बताउँदै सामाजिक महाशाखा, सिवीन र राष्ट्रिय वाल परिषदबाट सिफारिस गरिएका १८ बर्षमुनीका २४ जना वालवालिकालाई अभिभाकत्व प्रदान गर्दै आएको उहाँले कार्यक्रममा जानकारी दिनुभयो।

सो अवसरमा अभिमुखि कार्यक्रममा सहभागि विद्यार्थीलाई शैक्षिक सामाग्री समेत वितरण गरिएको थियो। संस्थाका अध्यक्ष साहाया जान्सिको अध्यक्षतामा भएको कार्यकममा विद्यालयका प्रधानाध्यापक अर्जुन कडेल, शिक्षक तुलसी गिरी लगायतले मानव वेचविखका विरुद्धमा सवैको साथ र सहयोगको खाँचो औल्याउनुभयो।



# माछापुच्छ्रे टेनिस : मेन्स सिंगल उपाधी करनलाई, ३५ वर्षमाथि जितेन्द्र च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, १६ पुस

कास्की जिल्ला टेनिस संघद्वारा आयोजित २२ औं संस्करणको माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगितामा मेन्स सिंगलको उपाधी करन बहादुर थापाले जितेका छन् ।

बुधबार पोखरा रंगशालामा भएको फाइनल खेलमा आयुषमान हजुर घलेलाई ६-०, ४-६ र ६-३ को सेटमा पराजित गर्दै उनले ८० हजार नगद सहित ट्रफि मेडल प्रमाण पत्र पुरस्कार प्राप्त गरे । दोश्रो स्थानमा चित्त बुझाएका आयुषमानले नगद ४० हजार सहित ट्रफि मेडल प्रमाणपत्र पुरस्कार प्राप्त गरे । त्यसैगरि ३५ वर्ष माथिको मेन्स सिंगल जितेन्द्र परियारले जितेका छन् । फाइनल खेलमा सन्तोष खत्रीलाई ६-१, ६-० को सेटमा पराजित गर्दै उनले सो उपाधी आफ्नों नाम गराएका हुन् । जितसँगै जितेन्द्रले नगद ६० हजार सहित ट्रफि मेडल प्रमाणपत्र पुरस्कार प्राप्त गरे भने दोश्रो स्थान हाँसिल गरेका सन्तोषले ३० हजार सहित ट्रफि मेडल प्रमाणपत्र पुरस्कार प्राप्त गरे । विजयी खेलाडीहरुलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री राजेन्द्रसिंह भण्डारीले एक समारोहका विच पुरस्कार प्रदान गरे ।

आयोजक कास्की जिल्ला टेनिस संघका अध्यक्ष राजकुमार गुरुङको अध्यक्षतामा भएको पुरस्कार वितरण समारोहका विच टेनिस नेपाल नम्बर १ टेनिस खेलाडी प्रदीप खड्काले पोखरेली उदीयमान खेलाडी आर्यराज पौडेललाई टेनिस प्रशिक्षण दिलाउने सहमति पत्रमा हस्ताक्षर समेत गरिएको थियो । आयोजक समितिका प्रथम उपाध्यक्ष नविन चालिसेले कार्यक्रम सञ्चालन गरेका थिए ।




# विद्यार्थीलाई ३० रुपैयाँमा खाना

**पोखरापत्र संवाददाता**
पोखरा, १६ पुस

सुन्दा अचम्म लाग्न सक्छ, महँगीको वर्तमान समयमा कास्कीको पोखरा महानगरपालिका-२८ माझथानस्थित रत्नशोभा माध्यमिकविद्यालयलेविद्यालयका विद्यार्थीलाई प्रतिछाक खाना रु ३० मा खुवाउँदै आएको छ ।

विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने लक्ष्यका साथ कक्षा ८, ९ र १० का विद्यार्थीलाई दिवा छात्रावासको अवधारणाअनुसार बिहान ७:३० बजेबाट कक्षा सञ्चालन गरिरहेको विद्यालयले पूर्वविद्यार्थीहरूको सहयोगमा न्यून शुल्कमा खाना खुवाउने व्यवस्था मिलाएको विद्यालयका प्रधानाध्यापक किरणबाबु न्यौपानेले जानकारी दिनुभयो । विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउने उद्देश्यका साथ छात्रावास सञ्चालन गरिएको जनाउँदै उहाँले उनीहरूको सहजताका साथै अभिभावकलाई पनि आर्थिक भार कम परोस् भन्ने उद्देश्यले पूर्वविद्यार्थीको सहयोगमा यो कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो । गत भदौबाटआफूहरूलेदिवाछात्रावास सञ्चालन गरिरहेको उहाँले जानकारी दिनुभयो । "विद्यालयका पूर्वविद्यार्थीहरूको सहयोगमा हामीले यो कार्यक्रम अघि बढाएका छौं", उहाँले भन्नुभयो, "कार्यक्रमका लागि पूर्वविद्यार्थीका तर्फबाट दाल, चामल, तरकारीका साथै आर्थिक सहयोग आउने गरेको छ ।" उहाँका अनुसार विद्यालयमा अध्ययन गर्नका लागि झण्डै डेढ घण्टा समय हिँडेर आउने विद्यार्थीसमेत रहेका छन् ।

विद्यालयमा भगवतीटार, नौरुङ, राम्चे, ओख्लेलगायत टाढाटाढाका स्थानबाट विद्यार्थी आउने गरेको उल्लेख गर्दै उहाँले हालसम्म विद्यालय बसेको सुविधा उपलब्ध गराउन नसकिएको बताउनुभयो । विद्यालय बसका लागि भारतीय राजदुतावासमा प्रस्ताव गरिएको जनाउँदै न्यौपानेले यसै आर्थिक वर्षभित्रमा बस प्राप्त हुने अपेक्षा गरिएको बताउनुभयो ।

विसं २०१६ मा स्थापित यस विद्यालयले यस क्षेत्रको शैक्षिक उन्नयनमा महत्वपूर्ण योगदान गरेको यहाँका अभिभावक बताउँछन् । विद्यालयले कक्षा ९ देखि १२ सम्म कम्प्युटर विज्ञान विषयको पठनपाठनसमेत गराउँदै आएको प्रधानाध्यापक न्यौपानेले जानकारी दिनुभयो ।

# पृथ्वीराजमार्गको जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा गुनासो समाधान गर्न उल्लेखनीय काम भए : प्रजिअ अधिकारी

**पोखरापत्र संवाददाता**
दमौली, १६ पुस

जिल्ला प्रशासन कार्यालय तनहुँले यस वर्षको नौ महिनाका अवधिमा ४३ हजार बढीलाई सेवा प्रदान गरेको छ । गत वैशाखदेखि पुस मध्यसम्म कार्यालयले ४३ हजार ७३६ जनालाई विभिन्न सेवा प्रदान गरेको हो ।

प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले यस अवधिमा राष्ट्रिय परिचयपत्र, नागरिकता, राहदानी, सिफारिसलगायत गरी उक्त सङ्ख्यामा सेवा प्रदान गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार १८ हजार १९५ जनालाई राष्ट्रिय परिचयपत्र, ११ हजार ३१६ जनालाई नागरिकता, १० हजार ४६६ जनालाई राहदानी, एक हजार ९९८ जनालाई सिफारिस र प्रमाणीकरण, ८६० जनालाई गुनासो सम्बोधन, ३४२ जनालाई नाबालक परिचयपत्र सेवा प्रदान गरिएको छ । नौ महिना तनहुँ बसाइपछि सिन्धुपाल्चोक सरुवा हुनुभएका प्रजिअ अधिकारीले यस अवधिमा पृथ्वीराजमार्गको जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा गुनासो सम्बोधन, ट्राफिक सचेतना, दुर्घटना न्यूनीकरण, तनहुँ जलविद्युत् आयोजनाको मुआब्जा निर्धारण, गुनासो सम्बोधन, एमसिए नेपालको मुआब्जा निर्धारण तथा विवाद समाधान, विद्युत् प्रसारण लाइनको जग्गा प्राप्ति, मुआब्जा वितरण तथा विवाद समाधानमा काम गरेको जानकारी दिनुभयो । बुधबार यहाँ आयोजित सञ्चारकर्मीसंगको भेटघाटमा उहाँले एकीकृत जिल्ला सुरक्षा योजना, चाडपर्व लक्षित सुरक्षा योजना, एकीकृत जिल्ला निर्वाचन सुरक्षा योजना तर्जुमा, मतदान केन्द्रहरुको पुनरावलोकन तथा दुई मतदानस्थल थप, सामाजिक समस्या न्यूनीकरणका प्रयास गरिएको बताउनुभयो । तनहुँ बसाइँका क्रममा सबै राजनीतिक दल, सङ्घसंस्था, सञ्चारकर्मी, कर्मचारीहरुबाट प्राप्त सहयोगले काम गर्ने ऊर्जा मिलेको प्रजिअ अधिकारीको भनाइ छ । यसअवधिमा रु दुई करोड १४ लाख २७ हजार ९८५ राजस्व सङ्कलन भएको छ ।



# पोखरा महोत्सवको अन्तिम तयारी तिव्र

**पोखरापत्र संवाददाता**
पोखरा, १६ पुस

युनाइटेड क्लब पोखराको आयोजनामा यही पुस २९ गतेदेखि सुरु हुने १४औं संस्करणको पोखरा महोत्सवको अन्तिम तयारी तिव्र पारिएको छ ।

पोखराको अमरसिंह मा.वि.को विशाल खेल मैदानमा माघ ११ गतेसम्म संचालन हुने महोत्सवको अन्तिम तयारी तिव्र पारिएको बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । महोत्सवमा कृषि, उद्योग, हस्तकला, सेवा, अटो लगायतका क्षेत्र समेटेर २ सय ५० स्टल रहने भएको क्लबका अध्यक्ष लोकबहादुर थापाले बताउनु भयो । महोत्सवमा पर्यटकीय स्थलको बारेमा जानकारी दिने संघ संस्थाहरुलाई निःशुल्क स्टल उपलब्ध गराइने भएको उहाँले जनाउनु भयो । क्लबले महोत्सवकै आम्दानीबाट पोखरा र आसपासका २० सामुदायिक विद्यालयमा छात्रवृत्ति अक्षयकोष स्थापना तथा शैक्षिक सामग्री वितरण गर्दै आएको छ । स्वास्थ्य अन्तर्गत ग्रामीण क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने, खेलकुद प्रतियोगितामा प्रायोजन गर्ने तथा पचभैया क्षेत्रमा खुला चिडियाखाना निर्माणका लागि पहल अघि बढाइहेको जानकारी पनि दिइएको छ । महोत्सवले देशको कला, संस्कृति, भेषभूषा संरक्षणसहित शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्य लिएको छ । आन्तरिक-बाह्य बजारमा उत्पादित वस्तुको बजारीकरण, नव प्रतिभा परिचय, रोजगार सिर्जना र क्षेत्रीय विकासमा मद्दत गर्ने अपेक्षा आयोजकले राखेको छ । महोत्सवबाट १ करोड ५१ लाख ७५ हजार रुपैयाँ आम्दानी र १ करोड २३ लाख ६० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । मनोरञ्जनतर्फ यस वर्षको मुख्य आकर्षण लाईभ कन्सर्ट रहनेछ, जसमा पूर्ण राई, डी मर्चा, लेकाली, जेम्सी, सबिन राई, भिटेन, लाहुरे, टुकी लगायतका कलाकारको प्रस्तुती हुने भएको छ । त्यस्तै बाल उद्यान, विद्यालय स्तरीय लोक नृत्य प्रतियोगिता, छेलो, झाँकी तथा विज्ञान प्रदर्शनीसहित विभिन्न सांस्कृतिक कार्यक्रम महोत्सवमा समेटिनेछन् । १३ दिन सञ्चालन हुने महोत्सवमा फरक क्षमता भएका व्यक्तिहरू, बृद्धबृद्धा, एकल महिला, विदेशी पर्यटक तथा ५ वर्ष मुनिका बालबालिकालाई निःशुल्क प्रवेश गराइने प्रचार-प्रसार उपसमितिका संयोजक दिनेश सुनारले जानकारी दिनुभयो। पत्रकार सम्मेलनमा अध्यक्ष थापा, उपाध्यक्ष गणेश तिमिल्सिना, पूर्व अध्यक्ष राजु श्रेष्ठ र अमरसिंह मा.वि. व्यवस्थापन समितिका अध्यक्ष कृष्ण कोइरालाले महोत्सवबारे आ-आफ्नो धारणा राख्दै सबैलाई सहभागितामूलक साथ र सहयोगको अपिल गर्नुभयो।

# मनाङबाहेक गण्डकी प्रदेशका सबै जिल्लामा प्रसूति शल्यक्रिया सेवा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ पुस

मनाङबाहेक गण्डकी प्रदेशका सबै जिल्लामा प्रसूति शल्यक्रिया सेवा विस्तार भएको छ ।

१० जिल्लामा रहेका १८ वटा अस्पतालमा शल्यक्रियामार्फत प्रसूति गराउने सेवा उपलब्ध रहेको प्रदेश स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका चिकित्सा सेवा महाशाखा प्रमुख डा रमेशकुमार केसीका अनुसार जटिल अवस्थाको सुत्केरी गराउने स्वास्थ्य संस्था ५२ वटा रहेका छन् । सामान्य प्रसूति सेवाका लागि प्रदेशभर ३६४ प्रसूति केन्द्र छन् ।

शल्यक्रियामार्फत प्रसूति सेवा दिने अस्पतालसँगै घरमै सुत्केरी गराउने क्रम घट्दै गएको महाशाखा प्रमुख केसीले बताउनुभयो । सन् २०२२ को नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षणका अनुसार गण्डकीमा संस्थागत प्रसूति दर ८९ प्रतिशत छ । जुन मुलुकको औसत ७९ प्रतिशतभन्दा बढी हो ।

यस्तै दक्ष प्रसूतिकर्मीद्वारा हुने जन्मदर गण्डकीको ८९ प्रतिशत छभने राष्ट्रिय औसत जम्मा ८० प्रतिशत छ । स्वास्थ्य संस्थामा चार पटकसम्म स्वास्थ्य परीक्षण गराउने गर्भवतीको सङ्ख्या पनि नेपालको औसत तुलनामा गण्डकी प्रदेशमा बढी छ । राष्ट्रिय रूपमा औसत ८१ प्रतिशतले गर्भवतीले स्वास्थ्य संस्थामा चार पटकसम्म स्वास्थ्य परीक्षण गराउँछन् भने गण्डकीमा ८५ प्रतिशतले गराउने गरेका छन् ।

सरकारले सन् २०३० सम्ममा गर्भवती महिलाले स्वास्थ्य परीक्षण गराउने दर ९० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ । विसं २०७८ को जनगणनाअनुसार प्रदेशमा मातृ मृत्युदर प्रतिलाख जीवित जन्ममा १६१ देखाएको थियो । गत आवमा भने जम्मा १३ जना गर्भवती र सुत्केरी आमाको मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

मातृशिशु मृत्युदरमा सुधार देखिएपनि चुनौती भने कायमै रहेको मन्त्रालयको अतिरिक्त प्रदेश सचिव खिमबहादुर खड्काले बताउनुभयो ।

गर्भवती तथा सुत्केरी अवस्थामा आउन सक्ने जटिलता न्यूनीकरणसँगै स्वास्थ्य सेवा र निगरानीको पहुँच अभिवृद्धि गर्न प्रदेशका ११ वटै जिल्लामा अभियान थालिएको सचिव खड्काले बताउनुभयो ।

# पेट्रोल र डिजेलको मूल्य घट्यो

**रासस**
काठमाण्डौं, १६ पुस

नेपाल आयल निगमले पेट्रोल, डिजेल र हवाई इन्धनको मूल्य घटाएको छ । इन्डियन आयल कर्पोरेशनले पेट्रोलमा प्रतिलिटर चार रुपैयाँ १९ पैसा, डिजेलमा पाँच रुपैयाँ छ पैसा र हवाई इन्धनमा प्रतिलिटर आठ रुपैयाँ १५ पैसा घटाएको छ । एलपी ग्यासको खरिद मूल्य प्रतिसिलिन्डर १०० रुपैयाँ ३५ पैसाले बढेर आएको छ ।

सेहीअनुसार निगम सञ्चालक समितिले खुद्रा बिक्री मूल्य समायोजन गरेको छ । नयाँ मूल्यअनुसार पेट्रोल प्रतिलिटर चार रुपैयाँ, डिजेल/मट्टितेल प्रतिलिटर पाँच रुपैयाँले घटाइएको छ । आन्तरिक हवाई इन्धनमा प्रतिलिटर छ रुपैयाँ र अन्तरराष्ट्रिय उडानतर्फ काठमाडौंका लागि प्रतिकिलोलिटर अमेरिकी डलर ४२ ले मूल्य घटाइएको छ । नयाँ मूल्य बिहीबार बिहानदेखि लागू हुनेछ । एलपी ग्यासको खरिद मूल्य बढे पनि उपभोक्ताको हितलाई ध्यानमा राख्दै ग्यासको खुद्रा बिक्री मूल्य यथावत राखिएको निगमले जनाएको छ । निगमका अनुसार डिपो वा कार्यालयदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलको नयाँ मूल्य पहिलो वर्गमा प्रतिलिटर १५६ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १५८ रुपैयाँ र तेस्रो वर्गमा १५९ रुपैयाँ कायम गरिएको छ । यस्तै, डिजेल/मट्टितेलको मूल्य क्रमशः १३४ रुपैयाँ ५० पैसा, १३६ रुपैयाँ र १३७ रुपैयाँ प्रतिलिटर तोकिएको छ।

**प्रतिलिपि अधिकार संरक्षण गरौं।**

- सर्जकको सम्मान शब्दले होइन व्यवहारमा गरौं।
- सिर्जनालाई बचाऊँ, सर्जकलाई सम्मान गरौं।
- अर्काको सृजना वा रचना चोरी नगरौं।
- प्रतिलिपि अधिकार उल्लङ्घन नगरौं।
- बौद्धिक सम्पत्तिको रक्षा गरौं।
- सृजनाको संरक्षण गरौं।

सर्जकलाई सम्मान, प्रतिलिपि अधिकारको संरक्षण।

नेपाल सरकार
विज्ञापन बोर्ड

**सादर निमन्त्रणा**

यस ज्येष्ठ नागरिक सरोकार समाज, नेपालको १३ औं **वार्षिक साधारण सभा तथा चौथो अधिवेशन, ज्येष्ठ नागरिक आवाज अंक १२ विमोचन एवम् ज्येष्ठ नागरिक सम्मान** कार्यक्रम निम्न मिति, समय र स्थानमा हुन गइरहेको हुदाँ उक्त कार्यक्रममा यस समाजका सम्पूर्ण सदस्यज्यूहरु लगायत शुभेच्छुक महानुभावहरुलाई उपस्थितिको लागि सादर निमन्त्रणा गर्दछौं ।

**कार्यक्रमः**
**मितिः** २०८२ पौष १९ गते, शनिबार
**समयः** बिहान ११: ०० बजे
**स्थानः** शान्ति आश्रम बहुउद्देश्यीय भवन
पोखरा-९, शान्तिवन

भक्तराज श्रेष्ठ
अध्यक्ष
ज्येष्ठ नागरिक सरोकार समाज, नेपाल
पोखरा-९, शान्तिआश्रम, शान्तिवन, कास्की

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते



पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन



उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।

- जर्ज बार्वर

## सम्पादकीय

# आचारसंहिता पालना कडाइका साथ पालना होस्

निर्वाचनमा शक्तिको गलत तवरले प्रयोग गरेर जनमत प्रभावित पार्ने काम विगतमा भएका छन । अहिले त भयरहित वातावरण बन्दैन भन्ने शंका छ । लोकतान्त्रिक दल र स्थापित नेतालाई जनताकाबिचमा सहज रुपमा जाने वातावरण बनेको छैन । चुनाव गराउने सरकारका मन्त्री दलमा आबद्ध नभएको हुनुपर्ने शर्त प्रधानमन्त्री सुशीला कार्कीको थियो । राष्ट्रपति रामचन्द्र पौडेलले दलहरुका एक एक जना राख्न दिएको सुझाव अस्वीकार गर्ने प्रधानमन्त्री कार्कीको मन्त्रीमण्डलका मन्त्री दलको गतिविधिमा सक्रिय छन । धेरै बजेट खर्च गर्ने मन्त्रालय उनैलाई दिइएको छाजे भनिन्छ त्यो गरिदैन भन्ने ज्वलन्त उदाहरण कार्की सरकारका मन्त्रीले देखाएका छन । उनैले भन्छन स्वच्छ, निष्पक्ष र भयरहित वातावरण बनाउँछौं । नेपाली उखान जो चोर उसैको ठूलो स्वर भने जस्तो चुनावी सरकारका मन्त्रीले देखाएका छन ।

निर्वाचनलाई स्वतन्त्र, स्वच्छ र भयरहित बनाउन निर्वाचनसम्बन्धी कानुन, ऐन र नियम कार्यान्वयन भएका हुन्छन् । निर्वाचन आयोगले आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा निर्वाचनको तयारी तीव्र पारेको छ । त्यसै क्रममा आयोगले निर्वाचन आचारसंहिता, २०८२ समेत स्वीकृत गरिसकेको छ । आचारसंहिताको मसौदा तयारी गरी केही दिनअघि नै सर्वसाधारणको सुझावसमेत लिइएको थियो । सुझावसमेतका आधारमा आचारसंहितालाई अन्तिम रूप दिई स्वीकृत गरिएको दावी गरेको छ । तर दावी गरे जस्तो जनताको सुझाव लिइएको भन्नू सरासर झुट हो । सार्वजनिक आचारसंहिता आगामी माघको पहिलो सातादेखि लागु गर्ने आयोगको तयारी गरिरहेको छ । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित, मर्यादित र विश्वसनीय बनाउन आचारसंहिताको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गरिनु पर्छ । आचारसंहितालाई कतिपयले नैतिक मूल्यसँग मात्र जोडेर हेर्ने गर्छन् । निर्वाचन आयोगले कार्यान्वयनमा ल्याउने आचारसंहिता कानुनी र बाध्यकारी बनाइएको छ ।

आयोगले आचारसंहिताबारे जति कडाइ गर्नुपर्ने थियो त्यो हुन सकेको छैन । आचारसंहिता क्षेत्र र ककसलाई प्रभावी हुन्छ भन्ने थप जानकारी गराएको छ । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र ती निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीलाई जारी आचारसंहिता लागु हुने छ । संस्थागत क्षेत्रसँगै निर्वाचन अचारसंहिताको दायरा फराकिलो देखिन्छ । सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारीले आचारसंहिता परिपालना गर्नुपर्ने छ । राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ सङ्गठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारण गरेको व्यक्तिलाई पनि आयोगद्वारा जारी आचारसंहिता लागु हुने छ । आयोगले आचारसंहिता कठोरतापूर्वक पालना गर्ने चेतावनी विगतमा पनि दिँदै आएको हो । विगतमा निर्वाचन आचारसंहिता परिपालनाको अवस्था धेरै सन्तोषजनक भने छैन । निर्वाचनमा आचारसंहिता उल्लङ्घनका घटना विगतमा पनि भएका थिए । आचारसंहिता उल्लङ्घनका घटनामा संलग्नलाई आयोगले कारबाही गरी जरिबाना नै तोक्ने गरेको थियो । तोकेको जरिबाना अझै प्राप्त भएको छैन । आयोगले जरिबाना तोकेकामा राजनीतिक दलका उम्मेदवार, स्थानीय तहका पदाधिकारी, प्रदेशका मन्त्री, विद्यालयका प्रधानाध्यापकसहित सरकारी निकायका उच्चपदस्थ कर्मचारीसमेत जरिबाना नतिर्नेमा परेका छन् । जुन कार्यान्वयन हुँदैन त्यसैलाई समाउनु द्वैध चरित्र हो ।

निर्वाचन आयोगको अभिलेखबमोजिम प्रतिनिधि सभा सदस्य निर्वाचन २०७९ मा आयोगले आचारसंहिताविपरीत अभिव्यक्ति दिएको र गतिविधि गरेका २१ जनामाथि जरिबाना र विभागीय कारबाहीका लागि निर्देशन दिएको थियो । आयोगको कानुन तथा राजनीतिक दल व्यवस्थापन महाशाखाको अभिलेख अनुसार विभागीय कारबाही गरी जानकारी गराउन भनिएको थियो । कतिपय कारबाही जानकारी आयोगसमक्ष पेस भएको देखिएको छैन । आयोगसमक्ष परेको उजुरी, सञ्चार माध्यममा प्रकाशित भएका समाचारलाई प्रमाणका रूपमा लिएर आयोगले उम्मेदवार, शिक्षक र उच्चपदस्थ कर्मचारीलाई कारबाही गरेको हो । विगतमा आचारसंहिता परिपालना नगरी कारबाहीमा परेकाहरुले आसन्न निर्वाचनमा उम्मेदवारी दिए रद्दसमेत हुन सक्ने छ । आयोगका अनुसार विगतमा आचारसंहिता उल्लङ्घनमा परी जरिबाना नतिरेको वा विभागीय कारबाही नभएको भनेर आयोगसमक्ष उजुरी परे आयोग पदाधिकारीको निर्णयका आधारमा त्यस्ता व्यक्तिको आगामी निर्वाचनमा उम्मेदवारी रद्द हुन सक्ने व्यवस्था छ । आयोगको अभिलेखबमोजिम १७ जनाको कारबाहीबारे आयोगको अभिलेखमा कुनै दस्ताबेज वा प्रमाण पाउन सकिएको छैन । आचारसंहिताविपरीतका कार्यले आगामी निर्वाचनमा पनि प्रभाव पार्न सक्ने छ । कतिपयले मतका निम्ति पैसा वितरण गरेका कारण पनि आचारसंहिता उल्लङ्घन भई जरिबाना तोकियो तर कतिपयले त्यस्तो जरिबाना अझै पनि नतिर्नु अस्वाभाविक नै छ । आचारसंहिता परिपालना लोकतान्त्रिक अभ्यासको आधार हो । आचारसंहिता परिपालनबाटै लोकतान्त्रिक अभ्यासले सार्थकता पाउने छ । त्यसका लागि अभियान चलाउनु आजको माग हो ।

# राप्रपा र राप्रपा नेपालबीच एकीकरण

**रासस**
काठमाडौं, १६ पुस

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालबीच बुधबार एकीकरण भएको छ । यहाँ बुधबार आयोजित एकतासभामा दुवै पार्टी एकीकृत भएको घोषणा गरिएको हो ।

राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले पार्टीले उठाउँदै आएका सुशासन, हिन्दू राष्ट्रलगायत मुद्दा स्थापित गर्न राष्ट्रवादी शक्तिहरूबीच ध्रुवीकरण सुरु गरिएको बताउँदै आगामी दिनमा वैचारिक दृष्टिकोण निकट दलहरुसँग एकता गरिने बताउनुभयो । ठूला राजनीतिक दलले सत्ता केन्द्रित राजनीति गरेका कारण नेपाली समाजमा उत्पन्न चरम निराशालाई न्यूनीकरण गर्नुपर्नेमा जोड दिँदै उहाँले आफ्नो पार्टीले जनतालाई आश्वस्त गर्दै मुलुकमा विद्यमान सङ्कटको समाधान गर्नसक्ने विचार व्यक्त गर्नुभयो । राप्रपा नेपालका अध्यक्ष कमल थापाले पार्टीले लिएका राजनीतिक मुद्दा सङ्कटमा परेकाले आफू राप्रपामा फर्किएको बताउँदै देशमा निरन्तर रूपमा विकसित निषेधको राजनीति, चरम भ्रष्टाचार, बेरोजगारी, संवैधानिक अङ्गमाथिको हस्तक्षेपविरुद्ध आफू क्रियाशील हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । पार्टीका पूर्वअध्यक्ष डा प्रकाशचन्द्र लोहनीलगायत शीर्ष नेताहरूले दुई पार्टीबीचको एकताप्रति खुसी व्यक्त गर्दै असफल संविधान र संवैधानिक व्यवस्थाबाट मुलुकलाई जबर्जस्त अगाडि बढाउन नहुनेमा जोड दिनुभयो । उहाँहरुले यथास्थितिमा निर्वाचनमा जाँदा मुलुक थप द्वन्द्वमा धकेलिने धारणा राख्दै राजनीतिक दल, जेनजी र परम्परागत शक्तिको प्रतिनिधिबीच छलफल गरी सहमति गर्नुपर्ने बताउनुभयो ।

एकीकरणपश्चात् अध्यक्ष लिङ्देनपछि दोस्रो वरियता क्रममा थापालाई राखिएको छ ।

# चुड्काले गुञ्जियो तनहुँको बन्दीपुर

**पोखरापत्र संवाददाता**
दमौली, १६ पुस

तनहुँको पर्यटकीय नगरी बन्दीपुर बुधबार चुड्काले गुञ्जियो । बन्दीपुर भ्रमण वर्षको अवसर पारेर बन्दीपुर गाउँपालिका-४ टुँडिखेलमा बुधबार एकैपटक एक हजार जनाले चुड्का नाचेका छन् ।

बन्दीपुरको पर्यटन प्रवर्द्धन गर्न र सांस्कृतिक इतिहास कायम गर्न बृहत चुड्का नाच गरिएको कार्यक्रम संयोजक हरिसिंह गुरुङले जानकारी दिनुभयो ।

मौलिक जातीय र वेषभूषामा सजिएर एउटै मञ्चबाट यति धेरै सङ्ख्यामा चुड्का नाचेको यो पहिलो भएको उहाँको दाबी छ । त्यसक्रममा गुरुङ, मगर, कुमाल, दरै, ब्राम्हण, क्षेत्री, नेवारलगायतका समुदायले मौलिक पहिरनमा सजिएर चुड्का नाच प्रस्तुत गरेका थिए । उहाँले भन्नुभयो, "तनहुँ कला र संस्कृतिमा धनी छ । एकैपटक एक हजार जनाले नाचेको यस कार्यक्रमले यहाँको पर्यटन प्रवर्द्धनमा ठूलो सहयोग पुगेको छ ।" बन्दीपुर भ्रमण वर्षको समापन तीन दिनसम्म विविध कार्यक्रम गरी मनाइँदैछ । पहिलो दिन चुड्का नचाइएको यहाँ दोस्रो दिन पुस १६ गते बन्दीपुर भ्रमण वर्ष समापन गरिँदैछ ।

बन्दीपुर भ्रमण वर्ष २०२५ सचिवालय संयोजक वैशबहादुर गुरुङले बन्दीपुर भ्रमण वर्षले बन्दीपुरको पर्यटन प्रवर्द्धनका लागि कोसेढुङ्गाको काम गरेको बताउनुभयो । सन् २०२५ मा विविध कार्यक्रम सञ्चालन गरिएको बताउँदै उहाँले अब सन् २०२६ का लागि विशेष कार्यक्रमको घोषणा तयारी गरिएको उल्लेख गर्नुभयो ।

पुस १७ गते अङ्ग्रेजी नयाँ वर्षको अवसर पारेर सडक खाना महोत्सव हुँदैछ । सडक खाना महोत्सवसँगै विविध सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको छ । बन्दीपुरमा पर्यटकको चहलपहल बढेसँगै पर्यटन व्यवसायीसमेत उत्साहित छन् । पर्यटन व्यवसायी किसान प्रधानले यतिबेला बन्दीपुरमा पर्यटकको उल्लेख्य चाप रहेको बताउनुभयो ।

बन्दीपुर पर्यटकीय गाउँपालिका भएकाले पर्यटनलाई उच्च प्राथमिकता दिइएको बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाको भनाइ छ । बन्दीपुरमा रहेको सिद्धगुफाको प्रचारप्रसार तथा मिनी ग्रेटवाल, मुकुन्देश्वरी पदमार्गलाई सम्पन्न गराउनेतर्फ गाउँपालिका अगाडि बढेको थापाले उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "यहाँ निर्माणाधीन रहेका पूर्वाधारलाई सम्पन्न गराउनेतर्फ अगाडी बढेका छौं । यसले बन्दीपुर घुम्न आउनेलाई थप आकर्षित गर्नेछ ।" खड्गदेवी मन्दिर, थानीमाई मन्दिर, महालक्ष्मी मन्दिर, सिद्धगुफा मणि मुकुन्दसेन पैदलयात्रा (मिनी ग्रेटवाल), तीनधारा, झरना र पानीको फोहरा, टुँडिखेल, मणिमुकुन्द सेन दरबार, पदम पुस्तकालयलाई गाउँपालिकाले प्रमुख गन्तव्यको रुपमा सूचीकृत गरेको छ ।

# राष्ट्रिय भलिबल प्रतियोगिता: नेपाल पुलिस क्लब सेमिफाइनलमा

**रासस**
काठमाडौं, १६ पुस

विभागीय टोली नेपाल पुलिस क्लबले मधेस प्रदेशलाई पराजित गर्दै नवौं एनभिए महिला तथा पुरुष भलिबल च्याम्पियनसिपको महिलातर्फको खेलमा सेमिफाइनलमा पुगेको छ ।

त्रिपुरेश्वस्थित राष्ट्रिय खेलकुद परिषद् राखेपको कभर्डहलमा बुधबार सम्पन्न समूह 'बी' को खेलमा पुलिसले मधेश प्रदेशलाई ३-० को सोझो सेटमा पराजित गर्दै सेमिफाइनलमा पुगेको हो । सेमिफाइनल खेलमा पुलिसले आर्मीसँगको भेट पक्का गरेको छ । पुलिसले मधेश प्रदेशलाई पहिलो सेट २५-३ ले पराजित गऱ्यो भने खेलको दोस्रो सेट २५-८ तथा तेस्रो सेट २५-९ ले आफनो पक्षमा पाऱ्यो ।

जितसँगै समूह विजेता बनेको पुलिसले शतप्रतिशत नतिजा निकाल्दै आठ अङ्क पुऱ्याएको छ । समान ३ खेलबाट ७ अङ्क जोडेको एपीएफ उपविजेता बन्यो । पराजित मधेश भने प्रतियोगितामा जितविहीन रह्यो । सुदूरपश्चिम प्रदेशले ३ अंक हात पार्दै तेस्रो स्थानमा चित्त बुझायो । यता आर्मी भने समूह 'ए' को उपविजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेको हो ।

# बागलुङमा उत्पादित कागतीले बजार नपाउँदा किसान समस्यामा

**पोखरापत्र संवाददाता**
बागलुङ, १६ पुस

पछिल्लो समय बागलुङका किसान कागतीखेतीतर्फ आकर्षित हुँदै गएका छन् ।

कागतीखेतीका लागि जिल्लाका १० वटै पालिकामा सम्भावना देखिएपछि यहाँका किसानले यसतर्फ आकर्षित भएका हुन् । उत्पादित कागतीले बजार नपाएपछि भने किसानमा निराशा छाएको छ । बजारमा भारतीय कागती सस्तोमा किनबेच हुँदा स्थानीय उत्पादनले मूल्य पाउन नसकेको हो । जिल्लाको निसीखोला, ढोरपाटन, बडिगाडलगायत स्थानमा उत्पादित कागतीले बजार नपाएपछि कुहिएर खेर जान थालेको किसान बताउँछन् । कागतीको चुकसमेत बिक्री नहुँदा लगानी खेर जाने चिन्ता बढेको निसीखोलाका किसान पर्वत घर्तीले बताउनुभयो । गत वर्ष दुई सय किलोभन्दा बढी कागती कुहिएर नष्ट भएको भन्दै यसपालि पनि बिक्री नहुँदा कुहिने डर भएको उहाँको भनाइ छ । बजारमा आउने भारतीय कागतीले स्थानीय उत्पादनलाई ओझेलमा पारेको घर्तीले बताउनुभयो । "सडकसँगै सवारीसाधनको सुविधा पुगेपछि कागतीको माग बढ्छ भन्ने लागेको थियो । सोही कारणले व्यावसायिक रूपमा खेती गरियो, दुई/तीन वर्षदेखि प्रशस्त उत्पादन हुँदै आए पनि बजार नपाउँदा कुहिएर खेर जाने गरेको छ", उहाँले भन्नुभयो । किसानद्वारा उत्पादित वस्तुको बजारीकरणमा स्थानीय सरकारले गरेमा समस्या समाधान हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । "पश्चिम बागलुङको मुख्य बजार बुटवल हो । तर बुटवलमा भारतीय कागतीको दबदबा छ", किसान चमबहादुर रोकाले भन्नुभयो, "अघिल्लो वर्ष तयार गरेर राखेको करिब एक सय ५० लिटर चुक अहिलेसम्म बिक्री भएको छैन ।" अहिले पनि बोटमा लटरम्मै कागती फलेका भन्दै कसरी बिक्री गर्ने भन्ने चिन्ताले सताएको उहाँले बताउनुभयो । रोकाका अनुसार कागतीको रसलाई प्रतिलिटर रु एक हजारदेखि रु एक हजार २०० सम्म बिक्री गर्ने गरिएको छ । पछिल्लो समय भने माग आउन छाडेकाले बिक्री नभएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "मकै, गहुँ र कोदो फल्ने बारीमा कागती लगाइयो, अहिले उत्पादन भएको कागतीले बजार पाउँदैन । राम्रै आम्दानी हुन्छ भनेर कागतीखेती गरियो तर अहिले बजार नपाउँदा समस्या भयो । सुपथ मूल्यमै दिँदा पनि अर्गानिक कागती व्यापारीले राख्दैनन् ।"

बागलुङ जिल्लामा हाल ७९७ हेक्टर क्षेत्रफलमा कागतीजन्य फलफूलखेती हुँदै आएको छ । पछिल्लो समय कागतीखेतीतर्फ किसानको आकर्षण बढ्दै गएको कृषि विकास कार्यालय बागलुङले जनाएको छ । कार्यालयका अनुसार जिल्लामा बर्सेनि चार हजार ७१ मेट्रिकटन कागती उत्पादन हुँदै आएको छ । यस वर्ष जरा कुहिने रोगले बोट मर्दा उत्पादनमा गिरावट आउने सम्भावना देखिएको कृषि विकास कार्यालयकी सूचना अधिकारी प्रतिभा शर्माले जानकारी दिनुभयो । उत्पादित कागतीको बजारीकरणमा स्थानीय सरकारले समन्वय गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

# एन्फाको चुनावी साधारणसभा आगामी माघमा

**रासस**
काठमाडौं, १६ पुस

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) को चुनावी साधारणसभा आगामी माघको अन्तिम साता झापामा हुने भएको छ ।

सातदोबोटोस्थित एन्फा मुख्यालयमा एन्फा अध्यक्ष पङ्कज बिक्रम नेम्वाङको अध्यक्षतामा बुधबार बसेको कार्यसमिति बैठकले आगमी माघ २८ गते चुनावी साधारणसभा गर्ने निर्णय गरेको हो । एन्फाको कार्यसमितिको कार्यकाल आगामी असार ४ गते सकिँदै छ । यस चार वर्षे कार्यकाललाई छोट्याएर माघमै निर्वाचन गर्ने बैठकले पारित गरेको हो ।

त्यस्तै बैठकले आर्थिक वर्ष २०८२/८३ को लेखा परीक्षण गर्न लेखापरीक्षण तथा अनुपालक समितिको सिफारिस बमोजिम सुबोध एसोसियट्सलाई नियुक्त गर्ने निर्णय पारित भएको एन्फाले जनाएको छ ।

# विश्वकपको ट्रफी नेपालमा ल्याइने

**रासस**
काठमाडौं, १६ पुस

भारत र श्रीलङ्कामा संयुक्त रुपमा आयोजना हुने आइसिसी पुरुष टि-२० विश्वकप २०२६ को ट्रफी टुर कार्यक्रम नेपालमा पनि हुने भएको छ ।

आगामी आगामी फेब्रुअरी ७ तारिखदेखि सञ्चालन हुने विश्वकप क्रिकेट प्रतियोगिताको ट्रफी जनवरी ५ देखि ७ तारिखसम्म नेपालमा हुने तय भएको नेपाल क्रिकेट सङ्घ (क्यान)द्वारा बुधबार जारी विज्ञप्तिमा जनाएको छ । विज्ञप्तिमा उक्त ट्रफी टुर कार्यक्रमको विस्तृत विवरण, तालिका, स्थान तथा विभिन्न गतिविधिहरूको जानकारी भने अर्को प्रेस विज्ञप्तिमार्फत सार्वजनिक गरिने जनाएको छ । टि-२० विश्वकपको ट्रफी पहिलोपटक नेपाल ल्याउन लागिएको हो । विश्वकपमा नेपाल समूह 'सी'मा परेको छ । नेपालको समूहमा इङ्ल्यान्ड, वेस्ट इन्डिज, इटाली र बङ्गलादेश छन् ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



# नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ सिग्देल टोल कागत्यायनी दुर्गा मन्दिर निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः सिग्देल टोल कागत्यायनी दुर्गा मन्दिर निर्माण
ठेगानाः पोखरा-१३, कास्की
योजना शुरु मिति : २०८२/०७/२६ गते
योजना सम्पन्न मितिः २०८२/०९/३० गते
खर्च भएको रकम जम्माः रु. ४,४७,३६१.०२
महानगरपालिकाबाटः रु.४,००,०००।-
जनसहभागिताबाटः रु.४४,४४४।-
उपभोक्ता समिति अध्यक्षः मैया सिग्देल
सम्पर्क नं.: ९८४६१५४०७७
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ४ पुरुषः ३ जना

**सिग्देल टोल कागत्यायनी दुर्गा मन्दिर निर्माण उपभोक्ता समिति पोखरा-१३**



**श्री महेन्द्र माध्यमिक विद्यालय**
**पोखरा-२०, भलाम, कास्की**

# खडा रुख लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०९/१७

यस विद्यालयको नाममा दर्ता श्रेस्ता कायम रहेको पोखरा-२० (साविक भलाम-३) स्थित कि. नं. ८८१ मा रहेका चिलाउने, चाँप, आँप प्रजाति समेत जम्मा १९ वटा खडा रुखहरु (छपान मूल्याङ्कन परिमाण अनुसारको २६५.२८ घ. फि. काठ र १.२३ चट्टा दाउरा) आफ्नै खर्चमा कटान, मुछान, सङ्कलन गरी उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ को नियम १२८ (संशोधन समेत) अनुसारको योग्यता पुगेका काष्ठ उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्म बोलपत्र खरिद गरी २२ औं दिन शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि विद्यालयमा वा मोबाइल नं. ९८४६६०३११० मा सम्पर्क राख्न सकिने छ ।

प्रधानाध्यापक

# अत्यधिक चिसोमा पनि मुक्तिनाथ मन्दिरमा दर्शनार्थीको चहलपहल

पोखरापत्र संवाददाता
मुस्ताङ, १६ पुस

अत्यधिक चिसो हुँदा पनि मुक्तिनाथ मन्दिरमा दर्शनार्थीको भीड लागेको छ।

समुन्द्री सतहबाट तीन हजार ८०० मिटर उचाइमा रहेको हिन्दू तथा बौद्धधर्मालम्बीहरुको प्रसिद्ध धार्मिक तीर्थस्थल मुक्तिनाथमा चिसोमा पनि दर्शनार्थीको सङ्ख्या नघटेको मुक्तिनाथ विकास समितिका कार्यालय व्यवस्थापक दिनेश भुसालले जानकारी दिनुभयो। अघिल्लो वर्षमा चिसो बढ्न थालेसँगै दर्शनार्थी घट्ने गरे पनि यस वर्ष भने यहाँ आउनेहरु नघटेको उहाँको भनाइ छ।

अत्यधिक चिसोका कारण स्थानीयको जनजीवनमा प्रतिकूल बनेको छ। अहिले मन्दिर रहेको स्थानमा बिहान र बेलुकी तापक्रम



माइनस १५ डिग्रीसम्म पुग्ने गरेको छ। भुसालका अनुसार हाल मन्दिरमा दैनिक औसत एक हजार ५०० दर्शनार्थी आइरहेका छन्।

मुक्तिनाथ मन्दिर परिसरमा रहेका १०८ धारामा जलसेचन र कुण्डमा स्नान दर्शन गरी मन्दिर दर्शन गर्दा मनोकामना पूरा हुने विश्वास छ। चिसोका कारण स्वास्थ्यमा समस्या आउनेहरुलाई मुक्तिनाथ विकास समितिले हेरचार गर्दै आएको छ। समितिले मन्दिर परिसरमा स्वास्थ्यकर्मी राखेको छ। चिसोमा पनि पर्यटन आउने क्रम जारी रहेपछि होटल व्यवसाय पनि फस्टाएको छ। यहाँ स्वदेश र विदेशबाट पनि पर्यटकहरु आउने गरेका छन्। विशेष गरी भारतीय पर्यटकहरुको उल्लेख्य उपस्थिति हुने गरेको छ। हुम्लाबाट मुक्तिनाथ आउनुभएका सुन्दर राउतले मुक्तिनाथको दर्शन गर्न पाउँदा निकै खुसी लागेको बताउनुभयो। मुक्तिनाथ मन्दिरको महिमा र यसको चर्चा सुनेपछि आफू यहाँ आएको बताउनुभयो। साथै जाजरकोटबाट आउनुभएका देवबहादुर रोकायाले पनि धार्मिक तपोभूमिमा धार्मिक आस्था र विश्वास लिएर दर्शन गर्न आएको बताउनुभयो। पछिल्लो समय नेपाल-चीन जोड्ने राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडकको यात्रा सहज भएपछि मुस्ताङमा पर्यटक बढ्न थालेका छन्। जिल्ला प्रहरी कार्यालय मुस्ताङले चालु आर्थिक वर्षको साउनदेखि मङ्सिरसम्म दुई लाख तीन हजार २ ९२ जना आन्तरिक र ४८ हजार १०९ विदेशी पर्यटक मुस्ताङ भित्रिएको जनाएको छ।

# पुलचोक बगादी विरौटा टोल विकास पोखरा-२९ मा बलबहादुर

पोखरापत्र संवाददाता
पोखरा, १६ पुस

पोखरा महानगरपालिका वडा नं २९ मा रहेको पुलचोक बगादी विरौटा टोल विकास संस्थाको ११ औं वार्षिक साधारण सभा तथा ५ औं अधिवेशनले आगामी कार्यकालका लागि बलबहादुर विकको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।

सर्वसम्मत रुपमा चयन भएको समितिको उपाध्यक्षमा ववित सुनार, सचिवमा सन्तोष सुर्खाली, कोषाध्यक्षमा एलिजा सुनार, सहकोषाध्यक्षमा निरुदेवी सुनार, सहसचिवमा धनकुमारी बराइली चयन भएका छन्।

यसैगरी सदस्यहरुमा रामबहादुर हमाल, बालकृष्ण आचार्य, कलावती अधिकारी, विनु खत्री, राममाया सुनार, आशा सुनार, विरेन्द्र हमाल, योगराज पौडेल रहेका छन् भने १ सदस्य



पछि थप गरिने निर्वाचन संयोजक भविन्द्रराज आचार्यले जानकारी दिए। नयाँ कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुलाई पद तथा गोपनियताको सपथ ग्रहण गराउदै समाजसेवी पोखरा महानगरपालिका वडा नं २९ की वडा सदस्य सुकमायाँ सुनारले आफनो टोलको विकासका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न सुझाव राख्दै स्थानीयको सहभागीतामा नै वडाले विकास निर्माणका कामहरु अगाडि बढाएको धारणा राखिन्।

संस्थाका अध्यक्ष सन्तोष हमालको अध्यक्षतामा भएको कार्यक्रममा सचिव, कोषाध्यक्ष, अध्यक्ष लगायतका प्रतिवेदनहरु सर्वसम्मत पारित भएका थिए। नयाँ कार्यसमितिका अध्यक्ष बलबहादुर विकले भावी योजना प्रस्तुत गरेका थिए। संस्थामा १ सय २५ जना सदस्य आवद्ध रहेका छन्।

# म्याग्दीमा सुन्तला उत्पादनको क्षेत्रफल र मूल्य बढ्यो, उत्पादकत्व घट्यो

पोखरापत्र संवाददाता
म्याग्दी, १६ पुस

यहाँको प्रमुख नगदे फलफूल बालीका रूपमा रहेको सुन्तलाको यस वर्ष उत्पादन घटेको छ। सुन्तलाखेती हुने जमिनको क्षेत्रफल र मूल्य बढे पनि उत्पादकत्वमा कमी आएको हो।

जिल्लास्थित कृषि विकास कार्यालयका अनुसार गत वर्षको तुलनामा पाँच दशमलव ५६ प्रतिशतले उत्पादन घटेको छ। यस वर्ष विभिन्न रोग र किराको सङ्क्रमण नभए पनि बोटमा दाना पातलो लागेकाले उत्पादन घटेको कार्यालयका प्रमुख सञ्जीव बास्तोलाले बताउनुभयो। "यस वर्ष मौसमले साथ दिएको हो। रोगकिरा नदेखिएको र विपद्ले क्षति नगरे पनि यसपालि दाना कम लागेको छ", उहाँले भन्नुभयो, "एक वर्ष अत्यधिक फल्ने र अर्को वर्ष कम दाना लाग्ने सुन्तलाखेतीको प्राकृतिक विशेषताका कारण उत्पादनमा असर परेको हो।"



गत वर्ष ४२५ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ११ दशमलव २५ मेट्रिक टनका दरले चार हजार ७८१ मेट्रिक टन सुन्तला उत्पादन भएको जनाउँदै बास्तोलाले यस वर्ष ४३० हेक्टर क्षेत्रफलमा १० दशमलव पाँच मेट्रिक टनका दरले चार हजार ५१५ मेट्रिक टन सुन्तला उत्पादन भएको अनुमान गरिएको उल्लेख गर्नुभयो। किसानको बगैँचाको नमूना अध्ययनका आधारमा प्रारम्भिक तथ्याङ्क निकालिए पनि सबै बगैँचाको सुन्तला बिक्री भइसकेपछि वास्तविक तथ्याङ्क सङ्कलन गरिने कार्यालय प्रमुख बास्तोलाले बताउनुभयो। यस वर्ष सरदर रु ६५ देखि रु ७० का दरले सुन्तला बिक्री भइरहेको छ। यस वर्ष सरदर प्रतिकिलो रु ७० देखि रु ७५ का दरले सुन्तला बिक्री भएको छ। गत वर्षको तुलनामा प्रतिकिलो रु पाँच बढी मूल्य पाइएको किसानले बताएका छन्। म्याग्दीमा यस वर्ष उत्पादन हुने अनुमान गरिएको सुन्तलाको सरदर बिक्री मूल्य अनुसार रु ३१ करोड ६० लाख ५० हजार अनुमान गरिएको कृषि विकास कार्यालयले जनाएको छ। जिल्लाको ८३० हेक्टर क्षेत्रफलमा सुन्तलाखेती भएको कृषि विकास कार्यालयको तथ्याङ्कमा उल्लेख छ। राखु, मरेक, सुर्केमेला, बरङ्जा, भैँडाबारी, अर्मन, रुम्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना र नारच्याङमा दुई सयभन्दा बढी सुन्तला बगैँचा रहेका प्रमुख बास्तोलाले जानकारी दिनुभयो।

जिल्ला सदरमुकाम बेनीका साथै राजधानी काठमाडौँ, पोखरा, मुग्लिनगायत बजारमा सुन्तला बिक्री हुने गरेको छ। यातायात सुविधा भएकाले व्यापारी सुन्तला खरिद गर्न गाडी लिएर बगैँचामै आउने गरेका छन्।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि ज्ञान केन्द्र र स्थानीय तहको कृषि शाखाले सुन्तलाका बिरुवा वितरण, प्राविधिक तालिम, बगैँचा व्यवस्थापन, साना सिँचाइ र बजारीकरणमा सहयोग गर्दै आएका छन्।

# धौलागिरि अस्पतालमा नर्सिङ पढाइको तयारी

पोखरापत्र संवाददाता
बागलुङ, १६ पुस

बागलुङको धौलागिरि अस्पतालमा तीन वर्षे नर्सिङ पढाइको तयारी थालिएको छ। अस्पतालमा पढाइका लागि छुट्टै प्रयोगशाला बनाइने छ।

गण्डकी प्रदेश सरकारले धौलागिरि अस्पतालमा चालु आर्थिक वर्षबाट नर्सिङ पढाई गर्ने विषय नीति तथा कार्यक्रममा उल्लेख गरेको थियो। चालु आवमा नर्सिङ पढाइका लागि आवश्यक प्रयोगशालासहितको पूर्वाधार निर्माण गर्नका लागि रु ७० लाख बजेट विनियोजन भएको गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले जनाएको छ। यस वर्ष नर्सिङको भर्ना प्रक्रिया सकिएकाले पूर्वाधार तयार गरेर आगामी वर्ष विद्यार्थी भर्ना गर्ने तयारीका लागि बजेट पठाइएको गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले जानकारी दिनुभयो। कक्षाकोठा र प्रयोशालालगायतको व्यवस्थापन भने चालु आर्थिक वर्षमै सकिने उहाँका भनाइ छ। प्रदेश मातहतका अस्पताल तथा वर्थिङ सेन्टरमा तालिम प्राप्त मिडवाइफमार्फत सेवा प्रवाहको सुनिश्चतताका लागि आगामी आवदेखि प्रविणता प्रमाणपत्र तहको 'मिडवाईफरी शैक्षिक कार्यक्रम' धौलागिरि अस्पतालमा अध्यापन सुरु गरिने धौलागिरि अस्पतालमा प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा किरण तिवारीले जानकारी दिनुभयो।

"यो एसइईपछि पढ्न पाइने तीन वर्षे नर्सिङ कोर्ष हो, यसमा गर्भवती, सुत्केरी र शिशुको स्याहारसम्बन्धी मात्रै अध्ययन हुन्छ", उहाँले भन्नुभयो "चालु आर्थिक वर्षमै भर्ना अघि बढाउने भनिएपनि जेनजी आन्दोलनलगायतका कारण समस्या भएको थियो, यो वर्ष पूर्वाधार तयारी गर्छौं, अर्को वर्ष भर्ना खोलिन्छ।" नर्सिङ विषय अध्यापनका लागि १०० शैयाको अस्पताल र वार्षिक एक हजार २०० सुत्केरी अस्पतालमा हुनुपर्ने मापदण्ड पुगेकाले नर्सिङको पढाइको तयारी थालिएको हो। स्वास्थ्यमन्त्री पाठकले बागलुङका तीन अस्पतालको स्तरोन्नति एकसाथ भएको बतानुभयो। धौलागिरि अस्पताल १०० शैयाको नहुँदा नर्सिङ पढाउन समस्या भएकाले स्तरोन्नतिपछि नर्सिङ पढाइको बाटो गत वर्षदेखि खुलेको थियो। पचास शैयाको धौलागिरि प्रादेशिक अस्पताललाई प्रदेश मातहतको १०० शैया, बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई ५० शैयाको बुर्तिबाङ प्रदेश अस्पताल, धौलागिरी आयुर्वेद अस्पताल बागलुङलाई २५ शैयाको अस्पतालमा स्तरोन्नति गरिएको मन्त्री पाठकले बताउनुभयो।

# अपेक्षा गरेभन्दा दोब्बरले गरे बन्दीपुर भ्रमण

सागर गिरी
तनहुँ, १६ पुस/रासस

तनहुँको पर्यटकीय केन्द्र बन्दीपुरमा सन् २०२५ मा अपेक्षा गरेभन्दा दोब्बर पर्यटकले भ्रमण गरेको पाइएको छ।

आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढाउन सन् २०२५ लाई भ्रमण वर्षका रुपमा मनाउने घोषणा गरेको बन्दीपुरमा छ लाख ३४ हजार पर्यटक पुगेको संयोजक बैंसबहादुर गुरुङले जानकारी दिनुभयो।

बन्दीपुर भ्रमण वर्ष २०२५ का संयोजक गुरुङका अनुसार यस अवधिमा एक लाख विदेशीसमेत गरी चार लाख ५३ हजार पर्यटक बन्दीपुरमा बास बसेका थिए। उहाँले बन्दीपुरमा वजभोज खान आउने, घुमेर फर्किने पर्यटकको सङ्ख्या करिब दुई लाखभन्दा केही कम रहेको जानकारी दिनुभयो। बन्दीपुरमा सन् २०२५ र २०२६ मा गरी पाँच लाख पर्यटक बन्दीपुर भित्र्याउने योजना रहेकामा सन् २०२५ मा नै पूरा भएका स्थानीय होटल तथा पर्यटन व्यावसायी खुसी भएका छन्। "दुई वर्षमा पाँच लाख ल्याउने भनेर सोचेका थियौँ, तर एक वर्षमा नै लक्ष्य पूरा भयो", भ्रमण वर्ष संयोजक गुरुङले भन्नुभयो, "काठमाडौँबाट पोखरा, पोखराबाट चितवन वा काठमाडौँ र



चितवनबाट पोखरा जाँदा, आउँदा एकपटक बन्दीपुर बसौँ भन्ने भावना बढेको पायौँ।" आँबुखैरेनी-पोखरा सडक विस्तारको काम लगभग सकिने चरणमा पुग्दा पर्यटकलाई बन्दीपुर आउन पनि सहज भएको व्यवसायीको भनाइ छ।

भ्रमण वर्षमा बन्दीपुरको प्रचारप्रसारको काम पनि राम्रो भएकाले पर्यटक बन्दीपुर आएको विश्वास उनीहरुको छ। बन्दीपुर होटल सङ्घ अध्यक्ष फूलमती थापाले भ्रमण वर्षमा आउने पर्यटकलाई कुनै पनि प्रकारको असुविधा नहोस् भनेर सबै होटल व्यवसायी अति नै जिम्मेवारपूर्ण ढङ्गले व्यवस्थापनमा लागेको बताउनुभयो। स्थानीय रैथाने खानादेखि अतिथि सत्कारले पर्यटक खुसी बनेको उल्लेख गर्दै उहाँहरुले भ्रमण वर्षबाट यहाँका होटलले आफूलाई अझै स्तरोन्नति गर्ने र सुविधा थप्दै लैजाने सोचको विकास गरेको जानकारी दिनुभयो। बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले बन्दीपुर भ्रमण वर्षको प्रवर्द्धन तथा अन्य सहयोगमा पालिकाले सक्दो सहयोग गरेको बताउनुभयो। बन्दीपुरलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय रुपमा चिनाउनका लागि भ्रमण वर्ष निकै सार्थक र फलदायी भएको थापाको भनाइ छ। उहाँले बन्दीपुरको प्राकृतिक सुन्दरता र यहाँको मौलिक कला संस्कृति हेर्न पर्यटकहरु पटकपटक आउने गरेको आफूले पाएको बताउनुभयो। सामान्य खर्च गर्नसकनेदेखि महँगो रकम तिर्नसक्ने दुवै पर्यटकका लागि बन्दीपुर उपयुक्त गन्तव्य भएको अध्यक्ष थापाको भनाइ छ।

आज डिसेम्बर ३१ का दिन सडक खाना महोत्सवसहित विभिन्न सांस्कृतिक कार्यक्रमको आयोजना गरेर भ्रमण वर्ष समापन गर्न आयोजक पक्ष लागिपरेको छ। स्थानीय टुँडिखेल, सहिद पार्क, सिद्ध गुफा, थानीमाई, खड्गमाई र विद्यवासिनी मन्दिर, मणि मुकुन्देश्वरी पदमार्ग, मिनी ग्रेटवाल, रानीवन, तीनधारा वनभोज स्थल, गुम्बा, रामकोट, कोरीखा, धरमपानी होमस्टे, राष्ट्रिय बाख्रा अनुसन्धान केन्द्र, रेशमखेती, मौरीपालन र च्याउ उत्पादन केन्द्र बन्दीपुरका प्रमुख आकर्षण हुन्। नेवार, मगर, गुरुङलगायत जातजातिका सांस्कृतिक वेषभूषा र परम्परागत रीतिरिवाज पनि पर्यटकका लागि थप आकर्षण बनेका छन्। हिमालको लहर एकै फ्रेममा देखिने भएकाले स्वदेशी तथा विदेशी पर्यटक बन्दीपुर रमाउने गरेका छन्। यहाँका होटल व्यवसाय तीव्र गतिमा विस्तार भइरहेको छ। होटल सङ्घमा आबद्ध ८० भन्दाबढी होटल तथा एक दर्जन घरबास सेवा सञ्चालनमा छन्। साथै, अत्याधुनिक सेवा सुविधासहितको पाँचतारे होटल पनि सञ्चालनको अन्तिम चरणमा पुगेको छ। डुम्रे बजारबाट करिब आठ किलोमिटर यात्रा गरेपछि पुगिने बन्दीपुर बजारमा हाल केबलकारबाट पनि पुग्न सकिने व्यवस्थाछाठूलढुङ्गाबाटबरालथोकसम्म सञ्चालनमा आएको केबलकार सेवाले सात मिनेटमै पर्यटकलाई बन्दीपुर पुर्‍याउने हुँदा आवागमन थप सहज भएको छ।

# गायत्री मन्दिरमा कटान रोकथाम गर्न काम थालियो

पोखरापत्र संवाददाता
म्याग्दी, १६ पुस

जिल्लाको रघुगङ्गा गाउँपालिका-३ स्थित कालीगण्डकी र राहुघाट नदीको दोभानमा रहेको धार्मिक पर्यटकीय स्थल गायत्री मन्दिरमा बाढी र कटान रोकथाम नियन्त्रण गर्न आवश्यक काम थालिएको छ।

सिँचाई तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय पोखराले राहुघाट नदीमा आउने बाढीको कटानबाट जोखिममा परेको गायत्री मन्दिर परिसरको तटीय क्षेत्रमा 'कम्पोजिट' प्रविधिको पर्खाल निर्माण सुरु गरेको हो। राहुघाट नदीको किनारमा ५३ मिटर दुरीमा नदीको सतहदेखि दुई मिटर तलसम्म जग खनेर चार मिटर चौडाईको आरसिसी र माथिल्लो भागमा ग्याबियन भरेर पर्खाल बनाउन लागिएको आयोजना कार्यालयका इन्जिनियर नरजङ गुरुङले जानकारी दिनुभयो। रु. दुई करोड १३ लाख ६६ हजार आठ सय ७८ लागत अनुमान गरिएको उक्त योजना निर्माणका लागि २०८२ भदौ ४ गते निर्माण कम्पनीसँग रु. एक करोड ४२ लाख ५३ हजार छ सय ४६ मा ठेक्का सम्झौता भएको छ। आगामी २०८३ असार २५ गतेभित्र योजना निर्माण सम्पन्न गर्ने ठेक्काको अवधि छ। कम्पनीले राहुघाट नदीलाई डाइभर्सन गरेर पर्खाल निर्माण थालिसकेको छ। गायत्री मन्दिर मुक्तिनाथ प्रवेशद्वारको रुपमा रहेको छ। साधु, सन्तहरु ध्यान तपस्या गर्न आउने यहाँ मन्दिरका साथै उद्यान र धर्मशाला छ। गायत्री मन्दिरको धर्मशालामा मुक्तिनाथ जाने तिर्थयात्रीहरुलाई बसोबासको व्यवस्था मिलाइएको छ। यस वर्ष बेनी सहित म्याग्दी र कालिगण्डकी नदी कटानका कारण जोखिममा परेका बजार तथा बस्ती संरक्षणका लागि म्याग्दी, पर्वत र मुस्ताङ गरेर छ वटा नदी नियन्त्रण तथा बस्ती संरक्षण योजना सुरु भएका आयोजना कार्यालयका प्रमुख बिदुरमान श्रेष्ठले बताउनुभयो।

ती योजनाको ठेक्का सम्झौता भइ निर्माणका लागि निर्माण व्यवसायी कार्यस्थलमा परिचालन भइसकेका छन्। ती आयोजनाहरुको कुल लागत अनुमान रु २० करोड २९ लाख ७६ हजार आठसय ३९ रहेको छ।


## नाम परिवर्तन भएको सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८२/०९/१७ गते

यस पन्चम आयुर्वेद हस्पिटल प्रा.लि. कम्पनीको मिति २०८२।०८।२९ मा बसेको विषेश साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु पर्ने अन्य ऋण, धन दायित्व एवम् कर परिवर्तित नाम आरोग्य वेलनेस हस्पिटल प्रा.लि.ले सकार्ने व्होर्ने गरि श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरबाट मिति २०८१/० ९/०८ को निर्णय अनुसार कम्पनीको नाम वेलनेस हस्पिटल प्रा.लि. नाम कायम भई परिवर्तन भएको व्होरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।